नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय
वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र
ताहाचल, काठमाडौं
फोन नं. +९७७-१-४५९८०१३/१-४५९८०१४

## दिगो ऊर्जा च्यालेन्ज फण्ड अन्तर्गत कार्यान्वयन हुने पेलेट चुलो आयोजनाको लागि आवेदन आव्हान सम्बन्धी सूचना

**(प्रकाशित मिति : २०८३ श्रावण १९)**
**(आबेदन बुझाउने अन्तिम मिति : २०८३ भाद्र ८)**

वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रले केन्द्रीय नवीकरणीय ऊर्जा कोष अन्तर्गत भायबिलिटी ग्याप फण्डिङ्गमा आधारित दिगो ऊर्जा च्यालेञ्ज फण्ड मार्फत यस आ.व.मा पनि आयोजनाहरु कार्यान्वयन गर्ने लक्ष्य राखेको छ । यो पहलको मुख्य लक्ष्य वितरित नवीकरणीय ऊर्जा तथा ऊर्जा दक्ष परियोजनाहरूमा निजी क्षेत्रको लगानी वृद्धि गर्ने तथा सबैमा स्वच्छ, आधुनिक ऊर्जाको पर्याप्तता सुनिस्चितता गर्न सहयोग गर्ने रहेको छ । कार्यक्रमले दिगो ऊर्जा च्यालेञ्ज फण्ड मार्फत वितरित नवीकरणीय ऊर्जा तथा ऊर्जा दक्ष परियोजनाहरुको वित्तीय सम्भाव्यता र दिगो सञ्चालनको लागि वित्तीय र प्राविधिक सहायता प्रदान गर्दै आएको छ । यस आ.व.को लागि निम्न बमोजिमका निजी क्षेत्रबाट आवेदन https://secf.aepc.gov.np/cn/webapp/ मार्फत नविनतम अवधारणा (Innovative Window) वा मागको एकीकरण अवधारणा (Demand Aggregation Window) मार्फत पेश गर्न यो सुचना प्रकाशन गरिएको छ। इच्छुक आवेदकले https://secf.aepc.gov.np/cn/webapp/ मा माग भए बमोजिम सम्पूर्ण जानकारी र कागजात सहित आवेदन दिनु पर्नेछ ।

(१) व्यापारिक तथा संस्थागत क्षेत्रहरुमा तापीय ऊर्जाका लागि प्रयोग भैरहेको एल.पी.जी.लाई जैविक पेलेट चुलो मार्फत प्रतिस्थापन गर्न इच्छुक होटेल ब्यबसायी संघ, ऊर्जा सेवा प्रदायक कम्पनी, लघु वित्त / सहकारी, साना तथा मझौला उद्योग ।

***नोट : महिला, दलित, पिछडिएका तथा जनजातीले नेतृत्व गरेको संस्थाबाट प्राप्त आवेदनलाई प्राथमिकता दिइने छ। तोकिएको समयावधीभित्र आवश्यक जानकारी र कागजात सहित रीत पूर्वक पेश गरिएका आवेदनहरु मात्र बजेट उपलब्धताको आधारमा मूल्यांकन प्रक्रियामा समावेश गरिनेछ । आवेदन स्वीकृत वा अस्वीकृत गर्ने अधिकार केन्द्रमा सुरक्षित रहनेछ ।***